नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(प्रादेशिक समन्वय शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च.नं. :-

२०७५/७६
प्रा.स./४२१/६९४६

मितिः२०७५।१२।१९

विषयः- नविकरणीय बैकल्पिक ऊर्जा सम्बन्धी कार्यान्वयन मार्गदर्शन सम्बन्धमा।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं.१,विराटनगर/प्रदेश नं.२, जनकपुर/प्रदेश नं.३, हेटौडा/गण्डकी प्रदेश,पोखरा/प्रदेश नं.५,बुटवल/
कर्णाली प्रदेश, सुर्खेत र सुदूरपश्चिम प्रदेश, धनगढी ।

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयको प.सं. ०७५।०७६,च.नं. ६१९, मिति २०७५।१२।१८ को नविकरणीय बैकल्पिक ऊर्जा सम्बन्धी कार्यान्वयन मार्गदर्शन सम्बन्धमा लेखी आएको पत्रबाट वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र अन्तर्गत प्रदेश सरकारका लागि नवीकरणीय/वैकल्पिक ऊर्जा उपशीर्षकमा विनियोजित सशर्त अनुदान अन्तर्गतका कार्यक्रमहरु कार्यान्वयनका लागि नेपाल सरकार माननीय मन्त्रिस्तरबाट मिति २०७५/१२/८ मा स्वीकृत भएको मार्गदर्शन सबै प्रदेशमा उठाउन अनुरोध भई आएको पत्र र संलग्न कागजात पाना दुइ यसै साथ संलग्न राखी पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध छ।

२०७५।१२।१९
अर्जुन खतिवडा
शाखा अधिकृत

**बोधार्थ**
श्री ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
सिंहदरबार, काठमाडौं।

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

प्रदेश सरकारका लागि नवीकरणीय/ वैकल्पिक ऊर्जा शिर्षकमा विनियोजित सशर्त अनुदान अन्तर्गतका कार्यक्रमहरु कार्यान्वयनका लागि मार्गदर्शन

नेपाल सरकार (मन्त्रिपरिषद) वाट नवीकरणीय ऊर्जा अनुदान नीति २०७३ र सोहि नीति वमोजिम नवीकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधि २०७३ स्वीकृत भई नेपाल सरकार, ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय अन्तर्गतको वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र (www.aepc.gov.np) मार्फत कार्यान्वयनमा रहेको छ। नेपाल सरकार, अर्थ मन्त्रालयवाट आर्थिक वर्ष २०७५।७६को वजेट कार्यान्वयन सम्वन्धी मार्गदर्शन अनुसार नेपाल सरकारवाट प्रदेश तथा स्थानीय सरकारलाई नवीकरणीय ऊर्जा (सौर्य ऊर्जा, साना तथा लघु जलविद्युत, जैविक ऊर्जा, वायोग्यास आदि) को कार्यक्रम कार्यान्वयनका लागि विगतमा तयार भई लागू भएका खर्चका मापदण्ड लगायतका कार्यविधि सम्वन्धित प्रदेश सरकारमा उपलव्ध गराउने भन्ने व्यवस्था गरेको छ। उक्त मार्गदर्शन वमोजिम प्रदेश सरकारहरुलाई विनियोजन गरिएको सशर्त अनुदानको कार्यान्वयन र कार्यक्रम सञ्चालनका लागि प्रदेशसरकारको छुट्टै नीति र कार्यविधि नवनुन्जेल देहाय वमोजिम कार्यक्रम कार्यान्वयन गर्न यो मार्गदर्शन स्वीकृत गरिएको छ।

१. नवीकरणीय ऊर्जा अनुदान नीति २०७३, नवीकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधि २०७३, नवीकरणीय ऊर्जा सम्वन्धि विशेष कार्यक्रमहरुको प्रवर्द्धनका लागि कार्य संचालन तथा अनुदान परिचालन कार्यविधि २०७३ वमोजिमको प्रक्रियालाई अवलम्वन गर्ने ।
२. नवीकरणीय/वैकल्पिक ऊर्जा सम्वन्धि कार्यक्रम कार्यान्वयन गर्दा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले स्वीकृत गरेका प्राविधिक मापदण्ड(Technical Standards) र मेनुएल्स (Manuals) लाई अवलम्वन गर्ने ।
३. नेपाल सरकार वाट अनुदान प्राप्त प्रविधिमा प्रदेश सरकारले पहिचान गरेका स्थानीय तह, उपभोक्ता, समुदायको लागि उपलव्ध गराउने अनुदानमा संघ, प्रदेश र स्थानीय तहको कुल अनुदानमा कम्तिमा १० प्रतिशत उपभोक्ता वा समुदायको लगानी/योगदान सुनिश्चित गर्ने। साथै कार्यान्वयनमा रहेका तर थप वजेट आवश्यक पर्ने सामुदायिक आयोजनाहरुमा प्रदेश सरकारले आफ्नो वार्षिक योजना अन्तर्गत सहयोग प्रदान गरी अगाडी बढाउन सक्ने ।
४. एकल महिला, गरिव, अति विपन्न, दलित तथा लोपोन्मुख समुदायले लगानी जुटाउन नसक्ने अवस्था देखिएमा विशेष लक्षित कार्यक्रम मार्फत पूर्ण अनुदान दिने व्यवस्था प्रदेश तहमा ऊर्जा क्षेत्र हेर्ने मन्त्रालय (भौतिक पूर्वाधार विकास मन्त्रालय) को निर्णयबाट मिलाउन सकिने ।
५. नेपाल सरकारवाट प्राप्त सशर्त अनुदानको लागि तोकिएका नवीकरणीय ऊर्जा प्रविधिहरु प्राविधिक हिसाबले सम्भाव्य नदेखिएमा प्रदेश सरकारको भौतिक पूर्वधार विकास मन्त्रालयको

निर्णय अनुसार प्राथमिकतामा परेका अन्य नवीकरणीय ऊर्जाका प्रविधि जडान उप शीर्षकमा खर्च गर्न सकिने ।

६ नेपाल सरकारबाट प्राप्त सशर्त अनुदानको प्रशासनिक तथा नीतिगत उपशीर्षकमा विनियोजित रकम नवीकरणीय ऊर्जा योजनाको प्राविधिक सहयोग जस्तै सम्भाव्यता अध्ययन, डिजाइन, सर्वे, परामर्श सेवा, प्रवर्द्धन, क्षमता अभिवृद्धि आदिको लागि प्राप्त अख्तियारि बमोजिम खर्च गर्न सकिने ।प्राविधिक सहयोगको थपबजेट आवश्यक परेमा प्रदेश सरकारले आफ्नो बजेट बाट नपुग रकम थप गरी कार्यान्वयन गर्न सकिने।

७ प्रदेश तहमा नवीकरणीय/वैकल्पिक ऊर्जा सम्बन्धि कार्य गर्ने मान्यता प्राप्त कम्पनीहरुको छनौट प्रक्रिया र मापदण्ड बनाइ कार्यान्वयनमा नआएसम्म वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र द्वारा मान्यता दिएका कम्पनीहरु मार्फत घरायसी, व्यवसायीक, सामुदायिक र संस्थागत प्रणाली एवं प्रविधिहरुको आपूर्ति, उत्पादन, वितरण र जडान वा विक्री पछिको सेवा लिन सकिने।

८ प्रदेश सरकारले कार्यान्वयन गरेका नवीकरणीय ऊर्जा प्रविधिका योजनाहरुको विस्तृत विवरण तथा लाभान्वित घरपरिवार सम्बन्धि विस्तृत विवरण केन्द्रिय अभिलेखमा प्रविष्ट गर्नका लागि तोकिएको ढाँचामा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमा पठाउने व्यवस्था गर्ने।

९ प्रदेश सरकार बाट स्वीकृत भई कार्यान्वयन हुने नवीकरणीय/वैकल्पिक ऊर्जा संग सम्बन्धित कार्यक्रमहरु यसै मार्गदर्शन अनुसार कार्यान्वयन गर्न सकिने।

१० प्रादेशिक ऊर्जा सम्बन्धि आवधिक तथा वार्षिक ऊर्जा योजना तर्जुमा गरी कार्यान्वयन गर्ने तथा उक्त योजना बनाउँदा स्थानीय तहको ऊर्जा योजनालाई समेत अधार बनाउने ।

११ प्रदेश तहमा नवीकरणीय ऊर्जाको प्रवर्द्धन र विकासका लागि वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र प्रदेश सरकार अन्तर्गतको भौतिक पूर्वाधार विकास मन्त्रालय बीच भएको समझदारी पत्र (MoU) मा उल्लेख भएका विषयहरु कार्यान्वयन गर्ने ।

१२ नवीकरणीय ऊर्जाका स्रोतको अधिकतम प्रयोग गर्न नवीकरणीय ऊर्जाका उपयुक्त प्रविधि तथा व्यवसायिक ढाँचाका नमुना/विकास आयोजना कार्यान्वयनमा ल्याउन प्रोत्साहन गर्ने ।